# छाउपडी उपन्यासमा लैङ्गिकता

**डा. शालिकराम पौड्याल***

**लेखसार**

*प्रस्तुत लेखमा कविता पौडेलद्वारा रचित छाउपडी उपन्यासको लैङ्गिकताको अध्ययन गरिएको छ । समाजद्वारा लिङ्गका आधारमा नारी र पुरुषबिच गरिने सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक आदि विभेदलाई लैङ्गिकता भनिन्छ । छाउपडी उपन्यासमा केकस्तो लैङ्गिकताको अवस्था रहेको छ भन्ने मूल समस्यामा केन्द्रित रही उपन्यासको लैङ्गिकताको अध्ययन गर्नु यस लेखको उद्देश्य हो । लैङ्गिकताको परिचय दिई लैङ्गिक समालोचनाले कृति विश्लेषणका लागि अगाडि सारेका पितृसत्ता, शरीर, लैङ्गिक विभेद, लैङ्गिक सशक्तीकरण जस्ता उपकरणको प्रयोग गरी उपन्यासको विश्लेषण गरिएको छ । यस उपन्यासमा नेपाली समाजमा कायम रहेका सामाजिक शासनव्यवस्थाका कारण नारीमाथि हुने गरेका दमन तथा हिंसाका विरुद्धमा नारीहरूले सशक्त रूपमा आवाज उठाउन तथा प्रतिकार गर्न थालेको अवस्थालाई उपन्यासमा प्रस्तुत गरिएको छ । नारीको शरीरमाथि आफ्नो अधिकार जमाउन प्रयास गर्ने, दमन र शोषण गरेर महिलालाई आफ्नो अधीनस्त बनाउन चाहने पुरुष प्रवृत्तिको विरोध उपन्यासले गरेको छ । यसमा लैङ्गिक रूपमा उत्पीडित भई सीमान्तीकृत बन्न पुगेका नारी पात्रको प्रतिनिधित्व गराइएको छ । नेपाली समाज पितृसत्तात्मक सामाजिक संरचनामा आधारित भएकाले सुरुमा नारीको पहिचान कमजोर भए पनि अन्त्यमा उत्पीडित महिलाले उत्पीडनका विरुद्ध प्रतिरोध गरेको देखाएर सीमान्तीकृत नारी समुदाय शक्तिशाली भएको निष्कर्ष प्राप्त भएको छ ।*

**शब्दकुञ्जी**

लैङ्गिक विभेद, पितृसत्ता, सशक्तीकरण, शरीर, लिङ्गीय दमन ।

---

* उपप्राध्यापक, बुटवल बहुमुखी क्याम्पस, रुपन्देही ।

# [Gender in *Chhaupadi* Novel

**Dr. Shalikram Paudyal**

## Abstract

*In the present article, the gender of chhaupadi novel written by Kabita Poudel has been studied. Gender is the social, economic, religious, cultural, etc. discrimination between men and women on the basis of gender by society. The purpose of this article is to study the gender of the novel by focusing on the main problem of what kind of gender is present in chhaupadi novel. The novel has been analyzed using tools such as patriarchy, body, gender discrimination, gender empowerment by gender criticism for the analysis of gender. In this novel, women have started to raise their voice and retaliate against the oppression and violence against women due to the social governance system prevailing in Nepali society. The novel opposes the male tendency to try to gain control over women's bodies, oppress and exploit them. It represents female characters who have been marginalized by being gender-oppressed. Since Nepali society is based on patriarchal social structures, the identity of women was weakened in the beginning, but in the end, the marginalized women's community is powerful by showing that oppressed women have resisted oppression.*

**Keywords**

Gender discrimination, Patriarchy, Empowerment, Body, Gender oppression.]

**विषयपरिचय**

नेपाली समाजमा विद्यमान अन्धविश्वास र परम्परालाई लिएर रचना गरिएको कविता पौडेलको *छाउपडी* सामाजिक समस्यामूलक उपन्यास हो । *छाउपडी* उपन्यासमा लैङ्गिक उत्पीडनको यथार्थ प्रतिबिम्बन भएको छ । यस उपन्यासमा मुख्यतया पुरुषप्रधान नेपाली समाजमा पितृचेत नै नारीमाथि हुने शोषणको मूल कारण हो भन्ने कुरालाई देखाइएको छ साथै सामाजिक व्यवस्थाका कारण लैङ्गिक उत्पीडन हुने गरेको सन्दर्भलाई देखाइएको छ । पौडेलले यसमा नेपाली समाजमा नारीहरूले भोग्नुपरेका लैङ्गिक उत्पीडन र त्यसका विरुद्ध उनीहरूमा पैदा भएको प्रतिरोध चेतनालाई प्रस्तुत गरेकी छन् । यसमा पितृसत्तात्मक सामन्ती संरचनाका कारण नारीहरूले पीडायुक्त जीवन भोग्नुपरेको यथार्थलाई देखाइएको छ । यहाँ शारीरिक, मानसिक तथा यौनिक पीडा भोगेर बाँचेका नारीहरूको अवस्थालाई उद्घाटन गरिएको छ । उपन्यासमा लैङ्गिक उत्पीडन भोगेका सीमान्तीकृत नारीहरू एक्लाएक्लै पुरुष उत्पीडनका विरुद्ध प्रतिरोध गरेको कुरालाई देखाइएको छ । पितृसत्ता र पुरुष भोगवादी मानसिकता, जातीय संस्कृति, वर्गीय आर्थिक संस्कृति, आदिका कारण समाजमा लैङ्गिक उत्पीडन हुने गरेको छ । लैङ्गिक उत्पीडन र शोषणलाई देखाइएको यस उपन्यासलाई लैङ्गिकताका दृष्टिबाट अध्ययन गरिएको छ । *छाउपडी* उपन्यासमा

केकस्तो लैङ्गिकताको अवस्था रहेको छ भन्ने मूल समस्यामा केन्द्रित रही उपन्यासको पितृसत्ता, शरीर, लैङ्गिक विभेद, लैङ्गिक सशक्तीकरण जस्ता आधारमा लैङ्गिकताको विश्लेषण गर्नु यस लेखको उद्देश्य हो ।

**अध्ययनको विधि**

प्रस्तुत लेखमा लैङ्गिकताका दृष्टिले गरिने अध्ययनका लागि प्राथमिक स्रोतका सामग्रीका रूपमा *छाउपडी* उपन्यासलाई लिइएको छ । उपन्यास विश्लेषणको आधार तथा लैङ्गिकताको अवधारणा निर्माणका लागि लैङ्गिकतासँग सम्बन्धित सैद्धान्तिक पुस्तकहरू र लेखहरू द्वितीयक स्रोतसामग्रीका रूपमा उपयोग गरिएको छ । यी दुवै प्रकृतिका सामग्री पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएको छ । यस लेखमा गुणात्मक अनुसन्धान ढाँचाको उपयोग गरिएको छ । उपन्यासको लैङ्गिक पक्षको विश्लेषणका लागि पितृसत्ता, शरीर, लैङ्गिक विभेद, लिङ्गीय दमन र लैङ्गिक सशक्तीकरण जस्ता पक्षलाई आधार बनाइएको छ साथै यस लेखमा *छाउपडी* उपन्यासको सूक्ष्म पठन गरी आवश्यक साक्ष्यका आधारमा लैङ्गिक सूचकको खोजी गरेर लैङ्गिकताको अध्ययन गरी अर्थापन गरिएको छ । ।

**सैद्धान्तिक पर्याधार**

लैङ्गिकता अङ्ग्रेजी शब्द 'जेन्डर' को नेपाली रूपान्तरण हो । यस शब्दले खासगरी स्त्रीत्व (फेमिनिटी) र पुरुषत्व (मस्क्युलिनिटी) लाई सङ्केत गर्दछ । लैङ्गिकताको अध्ययनसँग लिङ्ग (सेक्स) र लैङ्गिकता (जेन्डर) दुवै जोडिएर आए पनि यी दुई समान नभएर भिन्न हुन् । लिङ्ग र लैङ्गिकतालाई एकै अर्थमा प्रयोग गर्ने प्रचलन रहे पनि यी दुवै भिन्नभिन्न अर्थमा प्रयोग हुने शब्द हुन् (आचार्य, २०७४, पृ. १) । लिङ्ग प्रकृतिले मानवलाई दिएको शारीरिक संरचनालाई चिनाउने जीववैज्ञानिक विषय हो भने लैङ्गिकता सामाजिक-सांस्कृतिक पक्षसँग सम्बन्धित विषय हो । लैङ्गिक अध्ययन नारीवादी आन्दोलनको एउटा मुख्य विषयका रूपमा पश्चिमबाट सन् १९६० को दशकपछि आरम्भ भई विश्वभरि फैलिएको वैचारिक मान्यता हो (भट्टराई, २०६७, पृ. २६०) । लैङ्गिकताको अवधारणा लिङ्गको विपरीत अवधारणा हो । यसले सामाजिक-सांस्कृतिक सन्दर्भमा नारी र पुरुषको भूमिकालाई विश्लेषण गर्छ । यो व्यक्तिको सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक पक्ष हो जसको निर्माणमा प्राकृतिक वा जीववैज्ञानिक तत्त्वको कुनै प्रकारको सम्बन्ध र भूमिका हुँदैन (भट्टराई, २०७७, पृ. १०७) । महिला र पुरुषका बिचमा विभेदको निर्माण प्राकृतिक भिन्नताका आधारमा नभई सामाजिक-सांस्कृतिक पक्षबाट हुने गरेको जुन प्रक्रिया र पद्धति छ त्यसैबाट लैङ्गिकताको निर्माण भएको हुन्छ (अधिकारी, २०७०, पृ.६५) । लैङ्गिकता मानव निर्मित अवधारणा भएकाले यसको अवस्था समाज, जात, वर्ग उमेरका महिला पुरुषका प्रवृत्ति र मूल्य मान्यतामा फरक हुन जान्छ । लिङ्गगत भिन्नताका आधारमा समाजले पुरुष र महिलाका लागि जेजस्ता सामाजिक, आर्थिक, राजनैतिक, मनोवैज्ञानिक, सांस्कृतिक तथा पारिवारिक भूमिका निर्धारित गरिदिएको हुन्छ, ती सबैलाई लैङ्गिकताअन्तर्गत राख्न सकिन्छ (खनाल, २०७५, पृ.१) । लैङ्गिकतासम्बन्धी अध्ययन नारीवादी अध्ययनको पृष्ठभूमिबाट विकसित भएको देखिन्छ । नारीवादले नारीत्व र पुरुषत्वलाई सांस्कृतिक निर्मिति मान्छ र लैङ्गिक अध्ययनलाई त्यस अध्ययनको आधारका रूपमा स्वीकार गर्छ ( कार्टर, सन् २०००, पृ. २१७) । यससँगै नारीवादभित्रको लैङ्गिक समानताको कुरा गर्दा महिला र पुरुषका कुरा मात्रै नगरेर तेस्रो लिङ्गीका अवस्थाहरूको पनि अध्ययन हुनुपर्छ भन्ने मान्यतासँगै लैङ्गिकतासम्बन्धी अध्ययन सांस्कृतिक अध्ययनको महत्त्वपूर्ण विषयका रूपमा स्थापित भएको

देखिन्छ (अधिकारी, २०७०, पृ.६५) । लैङ्गिकताभित्र महिला र पुरुषको प्राकृतिक पक्षको नभई सांस्कृतिक पक्षको अध्ययन गरिन्छ । समाजमा महिला वा पुरुषको प्रतिनिधित्व कसरी भएको छ, कस्तो हुनुपर्छ र त्यसबाहेक तेस्रो लिङ्गीको पहिचान र भूमिकाको पनि खोजी गर्दछ (भट्टराई, २०६७, पृ. २६१) । लैङ्गिक अध्ययन पुरुष र महिलाको सम्बन्ध, समाजमा तिनको आर्थिक, सामाजिक, सांस्कृतिक संरचनामा पुरुष र महिलाको अवस्था कस्तो छ भन्ने आधार प्रमुख रहन्छ । महिला र पुरुषबिच जेजति भिन्नता देखिन्छ, त्यो प्रकृतिप्रदत्त हो वा पितृसत्ताले निर्माण गरेको हो, के पुरुष पूर्ण, शक्तिशाली र ज्ञानी हुने अनि महिला अपूर्ण, कमजोर र अज्ञानी हुने हो भन्ने जस्ता प्रश्नलाई लैङ्गिक अध्ययनले आफ्नो विषय बनाएको देखिन्छ (उपाध्याय, २०७४, पृ. ३७) । लैङ्गिकता लिङ्गका सन्दर्भबाट भन्दा पनि यौनका सन्दर्भबाट आएकाले लैङ्गिक दमन, हिंसा, पुरुषहरूको महिला माथिको यौन व्यवहार, विचारधारा, पहिचान प्रतिनिधित्व आदिको विश्लेषण लैङ्गिकताअन्तर्गत आउँछन् । लिङ्गीय विभेद सामाजिक सांस्कृतिक निर्मिति हो । यो मूलतः नारीमाथि गरिने दमन, उत्पीडन, शोषणको सामाजिक सांस्कृतिक स्वरूप हो । लैङ्गिक अध्ययन र लैङ्गिक चेतनाको सचेत प्रयासका रूपमा ओलम्पी द गुजेको 'डिक्लारेसन अफ द राइट्स अफ विमेन' लाई लिइन्छ (भट्टराई, २०७७, पृ. ११०) । यसपछि भने लैङ्गिक अध्ययनलाई विभिन्न विद्वान्हरूले विभिन्न कोणबाट आवाज उठाउन थाले । फलतः लैङ्गिक अध्ययन व्यवस्थित बन्दै गई यसको महत्त्वसमेत स्थापित हुन पुग्यो । विभिन्न विद्वान्हरूले लैङ्गिकताका बारेमा अघि सारेका अवधारणालाई लिएर यस लेखमा सामाजिक शासनव्यवस्थाले निर्माण गरेको पितृसत्ता र लैङ्गिक उत्पीडन, पितृसत्ता, शरीर र लैङ्गिक उत्पीडन, लैङ्गिक विभेद, लिङ्गीय दमन र लैङ्गिक सशक्तीकरण लगायतका विविध सन्दर्भमा लैङ्गिक उत्पीडनका स्वरूपहरूलाई विश्लेषण गरिएको छ ।

## नतिजा र विमर्श

प्रस्तुत *छाउपडी* उपन्यासको लैङ्गिकताको अध्ययन गर्ने क्रममा सामाजिक शासनव्यवस्था, पितृसत्ता र पुरुषभोगवादी मानसिकता, जातीय, वर्गीय र आर्थिक संस्कृतिका कारण उत्पन्न लैङ्गिक उत्पीडनको अध्ययन गरिएको छ । यस क्रममा पितृसत्ता, शरीर, लैङ्गिक विभेद, लिङ्गीय दमन र लैङ्गिक सशक्तीकरण जस्ता पक्षमा केन्द्रित रहेर विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

### *छाउपडी* उपन्यासमा पितृसत्ता

पितृसत्ता भन्नाले सामाजिक एकाइमा पुरुषले प्रमुख भूमिका निर्वाह गर्नु भन्ने बुझिन्छ । पुरुषको महिलामाथि संस्थागत प्रभुत्व रहेको पारिवारिक संरचनालाई पितृसत्ता भनिन्छ । पितृसत्ता त्यस्तो अवधारणा हो जसमा सामाजिक अभ्यासका संस्थाहरू र सांस्कृतिक विम्बहरूका कारण महिलामाथि पुरुषको प्रभुत्व रहन्छ (भट्टराई, २०७७, पृ.१२९) । पुरुषप्रधान भएको परिवारहरूबाट बनेको समाज पितृसत्तात्मक समाज हो । पितृसत्तात्मक समाजमा महिलाभन्दा पुरुषहरू बढी शक्तिशाली, इज्जतदार र साधनस्रोतले सम्पन्न हुन्छन् (पाण्डे, २०६९, पृ. ११) । पितृसत्तात्मक परिवारमा सम्पत्तिको मालिक, निर्णयकर्ता तथा प्रमुख शक्तिको स्रोत र व्यवस्थापक पुरुष भएको हुनाले महिलामाथिको आर्थिक तथा सामाजिक विभेद, नियन्त्रण, हिंसा, दमन, अधीनता, अपमान, नियन्त्रण, अपमान गरिन्छ । यस आधारमा लैङ्गिक विभेदको प्रमुख कारण र आधारका रूपमा पितृसत्तालाई लिन सकिन्छ (न्यौपाने, सन् २०२१, पृ.७९) । पितृसत्ताले पारिवारिक, आर्थिक, लैङ्गिक,

राज्यव्यवस्था, संस्कृति आदिमा प्रभाव पारेको हुन्छ । यसैले लैङ्गिक दृष्टिले कृतिको अध्ययन गर्दा पितृसत्ता एउटा अवयवका रूपमा देखिन्छ ।

पितृसत्तात्मक समाजमा पुरुष शक्तिको केन्द्रमा हुन्छ र लैङ्गिक हिसाबले महिलाहरू सीमान्तीकृत हुन्छन् । सामाजिक सांस्कृतिक संरचनामा पुरुष शक्तिशाली हुँदा नारीहरू हक अधिकारविहीन र दमित हुन्छन् । प्रस्तुत उपन्यासका नारी पात्रहरू घरपरिवार तथा साहु आदिको लैङ्गिक हिंसाबाट विक्षिप्त बनेका छन् । *छाउपडी* उपन्यासमा बाबुआमालाई गुमाएकी जमुनी आफ्ना साना चार ओटा भाइलाई लिएर आफ्नै थारु जातको जमिन्दार रामरतनको घरमा हरुवा बसेकी छ । ऊ रामरतनको घरमा लैङ्गिक हिंसाकी शिकार बनेकी छ । उपन्यासकी अर्की नारी पात्र चन्दा अन्तर्जातीय विवाह गरेकाले उत्पीडनमा परेकी छ । चन्दाको लोग्ने उसकै आँखा अगाडि परस्त्रीसँग लहसिएको छ । यसले पितृसत्ताको सोचलाई देखाएको छ । *छाउपडी* उपन्यासको निम्नलिखित अंशबाट यस कुरालाई देखाउन सकिन्छ :

> यसै बिच हामीले ढिलै भए पनि साथीहरूलाई विवाहको उपलक्ष्यमा खाना खानेगरी आफ्नै कोठामा बोलायौं । सबै स्टाफहरू भेला भएर बैठक कोठामा रमाइलो गर्दै थिए । म र एकजना दिदी भान्सामा खानको तयारी गर्दै थियौं । मेरो श्रीमान् डाक्टर त पाहुनालाई स्वागत गर्नुको सट्टा अर्की एउटी नर्ससँग छुट्टै कोठामा एक्लै बसेर हाँस्दै अर्कै संसारमा रमाउँदै रहेछ । यो सब देखेर म लगायत सबै स्टाफहरू छक्क पर्यौं । (पृ. ७१)

यस उपन्यासमा आएकी अञ्जली पितृसत्तात्मक शासनव्यवस्थापनका परिधिमा रहेकी पात्र हो । विवाह के हो भन्नेसमेत ज्ञान नभएकी अञ्जलीलाई सानै उमेरमा उसका बुबाआमाले अनमेल विवाह गरी श्रीमान्को घरमा पठाएका छन् । पितृसत्ताले नारीको अधिकार हनन् गरेको कुरालाई उपन्यासमा बालविवाहका माध्यमबाट यसरी देखाइएको छ :

> माइतबाट पठाउने बेलामा बाबा-आमाले 'जा छोरी तँ त भाग्यमानी छेस् । भाग्यले कान्छी हुन पाइस्, लोग्नेलाई खुसी राख्नु, अनि त तँलाई कुनै दुःख हुँदैन' भनेर पठाउनु भएको थियो । मलाई भने लोग्ने भनेको के हो ? सन्तान के हो ? यस्ता कुराको केही ज्ञान थिएन । म त सधैं लोग्नेलाई रिसको पोको सिवाय के देख्दिनथें । (पृ. ४८)

पितृसत्तात्मक समाजमा महिलाले जसरी पनि सन्तान जन्माइदिनुपर्ने मान्यता रहेको र यसका लागि जस्तोसुकै हरकत पनि हुने सन्दर्भलाई लोग्नेको वृद्ध अवस्थाका कारण बच्चा दिन नसक्ने ठहर गरी सौताले खोजेको केटाबाट वीर्यदान लिएर अञ्जलीले बच्चा जन्माउन परेको घटनाबाट देखाइएको छ । प्रस्तुत उपन्यासमा पितृसत्तात्मक समाजको पुरुष भोगवादी मानसिकताका कारण श्रम शक्ति, प्रजनन अधिकार, यौनिकता आदिमा नारीहरू उत्पीडन भोग्न बाध्य भएको कुरालाई उद्घाटन गरिएको छ ।

## *छाउपडी* उपन्यासमा शरीर

शरीर लैङ्गिक अध्ययनको एउटा विषय हो । शरीरका माध्यमबाट महिला वा पुरुषप्रति बनाइने सांस्कृतिक धारणालाई शरीरका अर्थमा लिइन्छ । महिलाको शरीर पुरुषको नियन्त्रणमा हुनुपर्छ भन्ने अवधारणाका आधारमा लैङ्गिक अध्ययनले महिलाको शरीर पुरुषको नियन्त्रण र अधीनमा राख्ने परम्परालाई तोड्नुपर्छ भन्ने मान्यता राख्छ (भट्टराई, २०७७, पृ. १३४) । विशेषतः महिलाको शरीरमाथि महिलाको एकल अधिकार हुनुपर्छ भन्ने मान्यता लैङ्गिक अध्ययनले राख्छ । जैविक र प्राकृतिक रूपमा रहेका महिलाको सुन्दरता वा कामुकता, रजस्वला, गर्भाधारण तथा बालबच्चाको हेरचाहजस्ता विषयहरू नारीका स्वतन्त्र विषय हुन् । त्यसैले यी विषयमा नारीले स्वतन्त्र निर्णय गर्न पाउनुपर्दछ भन्ने मान्यता शरीर राजनीतिको मूल मान्यता हो (भट्टराई, २०७७,

पृ. १३४) । अरूको शोषणबाट मुक्त भई आफ्नो शरीरमाथि आफ्नो अधिकारलाई स्थापित गर्ने विषयलाई शरीर राजनीतिले बुझाउँछ । त्यसैले लैङ्गिक दृष्टिले कृतिको अध्ययन गर्दा शरीर एउटा उपकरणका रूपमा देखिन्छ ।

प्रस्तुत उपन्यासकी पात्र उजेली सोह्र वर्षमा प्रवेश गरेकी शारीरिक सौन्दर्यमा पूर्ण भएकी नारी हो । उसको यौवन र सौन्दर्यबाट लोभिएका गाउँलेहरू सबैले उसप्रति आँखा लगाएका छन् । आफ्नै घरमा काम गर्न बसेकी र जातले कथित तल्लो मानिएकी उजेलीबाट आकर्षित भएको मालिकले भित्रभित्रै आँखा गाढेको छ र उजेलीबाट यौनसन्तुष्टि लिएको छ । महिनाबारी भएको बेलामा समेत मालिकले उजेलीसँग शारीरिक सम्पर्क गरेको छ । मालिकबाट गर्भवती बनेकी उजेली सुन्दर शरीर भएका कारण अस्तित्व गुमाउन बाध्य भएकी छ । उपन्यासकी अर्की नारी पात्र अञ्जलीको लोग्नेको वृद्ध र रोगी छ । अञ्जलीलाई आफ्नी माइली सौता शुभलाले आफ्नै भाइ पर्ने राजनसँग वीर्यदान मागी बच्चा जन्माउन लगाएकी छे र अञ्जली सौताको करबाट राजनसँग यौनसम्पर्क गरी गर्भवती बन्न पुगेकी छे ।

> अञ्जली मैले एउटा निर्णय गरेकी छु, तैँले नाई, हुँदैन नभनेस् । ... तँ आज एक रात राजनलाई तेरो शरीर सुम्पिदे । अरू सबै कुरा म मिलाउँछु । के गर्ने अर्को ठाउँमा मैले तेरो बिहे गरेर पठाउन सकिनँ । यही धेरै सम्पत्ति छ । यो सबै कसैले भोग गर्ने ? त्यसैले तैँले यस कुलका लागि एउटा सन्तान जन्माइदिनै पर्छ । हामी दिदी र म पाका भइसक्यौँ अब त्यो सम्भव छैन । (पृ. ४२)

आफ्नो जीवनलाई अरूको इच्छा र चाहनाअनुरूप चलाउन बाध्य भएकी अञ्जलीले आफ्नो शरीर परपुरुषलाई सुम्पेकी छ । पति र सौतको मृत्यु भएपछि घरमा एक्लै भएकी अञ्जलीलाई गाउँकै यौनपिशाचले निकै दुःख दिन पुगेका छन् । यसरी नारीले सामाजिक मर्यादा कायम गर्न आफ्नो शरीर परपुरुषलाई भोगाउन बाध्य भएको देखाएर यसमा नारीको शरीरमा पुरुषको अधिकार हुने र नारी केवल सन्तान उत्पादनको साधन मात्र भएको ठान्ने सामाजिक अवस्थालाई देखाइएको छ । पछि अञ्जलीले पुरुषका ती व्यवहारप्रति विद्रोह पनि गरेकी छ । त्यस्तै बलात्कारबाट जोगिन सुजनको हत्या गरेर जेल पुगेकी उपन्यासकी अर्की नारी पात्र जमुनी बेहोस अवस्थामा जेलकै प्रमुख थानेदारबाट बलात्कृत भएकी छ । यसरी उपन्यासका विविध घटनालाई हेर्दा महिलाको शरीरमाथि पुरुषले अधिकार राख्न खोजेको देखाइएको छ । तर उपन्यासका नारी पात्रहरूले यी विविध सन्दर्भबाट आफू पीडित भए पनि पछि त्यसका बदलामा प्रतिशोध लिन पुगेका छन् ।

प्रस्तुत उपन्यासका पुरुष पात्र नारीको शरीरमाथि आफ्नो अधिकार राख्न खोजेका छन् । जालझेल र षड्यन्त्रद्वारा नारीहरूको शरीर उपभोग गरेका भए पनि पुरुषहरूको कुकृत्य र यौनशोषणको विरोध गर्दै नारीहरू आफ्नो शरीरको अधिकार आफैँमाथि राख्नका लागि सशक्त रूपमा उभिएर पुरुषको प्रवृत्तिको विरोध गरेका छन् र प्रतिशोध लिन पुगेका छन् ।

## *छाउपडी* उपन्यासमा लैङ्गिक विभेद

समाजले लिङ्गका आधारमा सिर्जना गरेको विभेदलाई लैङ्गिक विभेद भनिन्छ । पुरुष र महिलामा सामाजिक, सांस्कृतिक तथा आर्थिक व्यवहारमा गरिने भिन्नताका आधारमा समाजमा लैङ्गिक विभेद जन्मेको हो (भट्टराई, २०७७, पृ. १३५) । पितृसत्तात्मक व्यवस्थामा सामाजिक संस्था र अभ्यासका सबै गतिविधिमा पुरुषले महिलामाथि नियन्त्रण गर्ने गरेका छन् । महिलामाथि हुने दमन र शोषणमा पितृसत्ताको प्रमुख भूमिका रहेको हुन्छ (बार्कर, २००३, पृ. ३८८-३८९) । समाजमा लैङ्गिक विभेद सामाजिक प्रतिष्ठा, सम्पत्तिको स्वामित्व, सांस्कृतिक परम्परा, राजनीतिक गतिशीलता आदि अनेकौँ पक्षमा हुने गरेको पाइन्छ । कुनै पनि समाज र संस्कृतिले प्राकृतिक लिङ्गलाई आधार

बनाएर स्त्री र पुरुषका लागि फरक फरक व्यवहार गर्दछ भने त्यसलाई लैङ्गिक विभेद भनिन्छ ( खनाल, २०७५, पृ.२८) । लिङ्गका आधारमा भेदभाव नगरी महिलालाई पुरुषसरह सामाजिक, धार्मिक तथा जातीय व्यवहार र अवसरमा समान व्यवहार गर्नुपर्छ अनि मात्र लैङ्गिक विभेद अन्त्य गर्न सकिन्छ । त्यसैले लैङ्गिक दृष्टिले कृतिको अध्ययन गर्दा लैङ्गिक विभेदलाई एउटा आधार बनाउनुपर्छ ।

*छाउपडी* उपन्यासमा नेपाली समाजको सामाजिक व्यवस्थामा रहेका संस्कारका कारण हुने गरेका लैङ्गिक विभेदको चित्रण पाइन्छ। यस उपन्यासमा रामरतन, सुजन, थानेदार, डाक्टर विनोदलगायतका पुरुष पात्रहरूबाट पार्वती, जमुनी, चन्दा र अञ्जलीजस्ता नारी पात्रहरूमाथि हिंसा र बलात्कार जस्ता कार्यहरू भएको देखिन्छ। यी घटना नै उपन्यासका लैङ्गिक विभेदका सन्दर्भहरू हुन् ।

उपन्यासकी नारी पात्र पार्वती तौलिहवाबाट मेला हेरेर फर्कंदा साथीहरू छुटेर एक्लै हुँदा गाउँकै एउटा लोहार मोहनलाई विश्वास गरेकी छ र उसैसँग लडियामा बसेर फर्कंदा यौनशोषणमा परेकी छ। मोहनसँग आफ्नो अधिकार खोज्न जाँदा मोहनले गरेको तिरस्कार सहन नसकी आक्रामक बनेर पार्वतीले मोहनलाई हँसियाले हिर्काएर हत्या गर्छे। सानैमा बाबुआमा गुमाएकी र थारू जातकी सीमान्तीकृत पात्र जमुनी चार जना भाइकी अभिभावक हो। जमुनी साहु रामरतन र सुजनबाट यौनशोषणमा परेकी छ। प्रस्तुत उपन्यासमा पार्वती र जमुनी मात्र नभएर अञ्जली र देउती आफ्नै घरपरिवारबाट अनि चन्दा आफ्नै पतिबाट प्रताडित बनेका छन्। प्रत्येक नारीहरू सामाजिक व्यवस्थालाई स्वीकार गर्नुपर्ने कारणले गर्दा लैङ्गिक विभेदको शिकार भएका छन् ।

छाउपडी प्रथाबाट हटाएर समाजका महिलालाई ठुलो घटना हुनबाट बचाउन आवाज उठाउने देउती आफैँ सुत्केरी हुँदा छाउपडी गोठमा बस्न बाध्य भएकी छ। कमजोर शरीर र त्रसित मानसिकताले गर्दा आफ्नो अबोध शिशुलाई बचाउन पाँच रात र पाँच दिनसम्म ननिदाएर बसेकी देउती मानसिक अवस्थाबाट विक्षिप्त बनी होस हराउन पुग्छे र गोठमा खाना पुऱ्याउन अनि उसको बच्चाको जानकारी लिन आउने सासू र जेठानी पर्ने महिलालाई बाघ सम्झेर हँसियाले हानेर हत्या गर्न पुग्छे। माधुरिका सामाजिक व्यवस्थामा सन्तानका लागि बहुविवाह गर्ने प्रचलनले तेस्रो श्रीमतीका रूपमा भित्रिएकी ग्रामीण युवती हो। सोह्र वर्षको उमेरमा विवाह गरेर छिटै एउटा छोराको जन्म दिएकी छ। उसले अठार वर्षकै उमेरमा छोराको पनि विवाह गरिदिन्छे। बिहे गरेर राम्रै कुलबाट भित्राएकी बुहारीलाई दिनरात अत्याचार गर्न पुग्छे। आफू र छोरा मिलेर आफ्नै बुहारीलाई क्षतविक्षत हुने गरी कुटपिट गरी बेहोस अवस्थामा हातखुट्टा बाँधेर भिरबाट खसाली हत्या गर्ने माधुरिका नारी भएर नारीमाथि नै विभेद गर्ने पात्र हो। सानैमा आमा मरेकी र बुबाले पनि आफ्नो दायित्व बिर्सेर बालमन्दिरमा छोडिएकी चन्दा आफ्नै पतिबाट प्रताडित बन्न पुगेकी नारी पात्र हो। चन्दा आफ्नै परस्त्रीलम्पट पतिका कारण पीडित बनेकी छ। घरमा भएकी नवयौवना श्रीमतीलाई लत्याएर अन्य परस्त्रीहरूसँग लहसिने विनोदले चन्दा र उसकी छोरीप्रतिको उत्तरदायित्व बिर्सेर उल्टै नराम्रा क्षुद्र वचन र अशोभनीय व्यवहार देखाउन पुगेको छ। यस उपन्यासमा नारीले नारीलाई तथा पुरुषले नारीलाई विभेद गरेका सन्दर्भहरू आएका छन्। प्रस्तुत उपन्यासमा पुरुषले सके बल प्रयोग गरेर नसके अनेक खालका षड्यन्त्र गरेर भए पनि महिलालाई आफ्नो वशमा पार्ने गरेको तथा नारीमाथि पुरुषले विभेद गरेकको कुरा उपन्यासका यिनै सन्दर्भहरूले पुष्टि गरेका छन् ।

**_छाउपडी_ उपन्यासमा लिङ्गीय दमन र लैङ्गिक सशक्तीकरण**

पुरुषले महिलामाथि गर्ने दमन नै लिङ्गीय दमन हो भने समाजमा गरिने शोषण दमनबाट पीडित महिलालाई शक्तिशाली बनाउनु नै लैङ्गिक सशक्तीकरण हो । लिङ्गीय दमनका कारण पहिचान गरी त्यसलाई अन्त्य गरेर लैङ्गिक सशक्तीकरणका लागि महिलालाई सक्रिय गराउनुपर्छ । पुरुषप्रधान समाजमा व्यक्ति तथा संस्थाले सामाजिक, सांस्कृतिक तथा यौनिक रूपमा शक्तिहीन बनेका महिलालाई क्षमतावान् बनाउने कार्य नै सशक्तीकरणका रूपमा देखा पर्दछ (न्यौपाने, सन् २०२१, पृ.८०) । महिला सशक्तीकरण भनेको विभिन्न कारणले पछि परेका तथा सामाजिक, सांस्कृतिक रूपमा दबाइएका शोषित महिलाहरूलाई क्षमतावान् बनाई अवसर र अधिकार प्रदान गर्नु हो (खनाल, २०७५, पृ. ३२) । समाजमा विद्यमान लैङ्गिक दमन र विभेदको अन्त्यका लागि लैङ्गिक सशक्तीकरण गर्नु आवश्यक हुन्छ । त्यसैले कृतिको लैङ्गिक अध्ययनमा लिङ्गीय दमन र लैङ्गिक सशक्तीकरणलाई एउटा आधार बनाउनुपर्छ ।

प्रस्तुत उपन्यासमा थारु जातकी सीमान्तकृत समुदायको प्रतिनिधित्व गर्ने पार्वती नारी पात्र हो । माइतीमा दुःख नभोगेकी, बिहेपछि पतिको घरमा दुःख पाएकी, बेवास्तामा परेकी ऊ लिङ्गीय दमन र शोषणमा परेकी छ । आफू सबैतिरबाट शोषित भएपछि उसमा विद्रोह जागेको छ ।

> मैले पनि छानाको खुकुरी झिकेर भनेँ 'म पनि तँलाई मारेर जेल जान्छु । के सोचेको छस् ? सायद बलात्कारको फल नै तेरो मृत्युको कारण रहेछ क्यार ? म अरू जस्ती कमजोर होइन । राम्ररी सम्झी कालीले तँजस्तो अपराधीलाई मारेर टाउकाको माला लगाएकी थिइन म पनि त्यस्तै नगरी कहाँ पो छोडछु । हेर, आज म तँलाई जिउँदै छाड्दिनँ । बिग्रेको मान्छेको भत्केको घर, भत्के पछि के को डर ?' । (पृ.११)

सामन्ती समाज र पितृसत्ताको लैङ्गिक हिंसाको शिकारबाट पीडित पार्वतीले पुरुषवादी शासनव्यवस्थाको तीव्र प्रतिरोध गर्दागर्दै हत्यासमेत गर्न पुगेकी छ । त्यस्तै जमुनी पात्र रामरतन, सुजन, थानेदार जस्ता व्यक्तिबाट लैङ्गिक हिंसा भोग्न बाध्य बनेकी छ । आफूले सहेको र भोगेको जीवनबाट आजित भएकी जमुनीले आफ्नो सुरक्षा र अस्तित्वको लागि प्रतिकार समेत गरेकी छ ।

> 'म जमुनी हुँ, मेरो भाइ मार्नेलाई तपाइँहरूले घुस खाएर छोडिदिनु भयो । आज म मेरो इज्जत लुट्न खोज्ने त्यही बाबुको छोरालाई काटेर जेल बस्न आएकी बेसहारा केटी हुँ ।' थानेदारले मेरा कुरा सुनेर निकै हकीदप्की गऱ्यो । मेरो बदलाको ज्वाला रामरतन र सुजनलाई सिध्याएपछि अवश्य शान्त हुन्छ जस्तो लागेको थियो, तर त्यो झन शान्त हुने अवस्थामा नै रहेन । थानेदारको हप्कीदप्कीले अझ ममा आवेश बढ्यो । मैले भनेँ- 'हेर्नुहोस् थानेदार साब, तपाइँले रूपैयाँको मुठोका भरमा मेरो भाइ मार्नेहरूलाई खुलेआम माफी दिएर छोडिदिनुभयो । तपाइँलाई नि त्यसै छोड्दिनँ ।' (पृ. ३१)

आक्रोशको ज्वालामा रन्थनिएकी जमुनी सामाजिक शासनव्यवस्थामा केन्द्रमा रहेर थिचोमिचो गर्दै शोषण गर्ने रामरतन, सुजन, थानेदार जस्ता व्यक्तिहरूले गरेको दमन, शोषण र कुकृत्यलाई समाप्त पारेर लैङ्गिक सशक्तीकरणको अभियान चलाएर सभ्य समाजको निर्माण गर्न चाहन्छे । लोग्नेको वृद्धावस्थाका कारण बच्चा जन्माउन नसक्ने ठानेर अञ्जलीलाई सौताले आफ्नै भाइसँग वीर्यदान लिएर बच्चा जन्माउन लगाएकी छ । नारीको काम जसरी पनि बच्चा जन्माउनुपर्ने मान्यतालाई लैङ्गिक दमनका रूपमा लिन सकिन्छ । समाजमा रहेको छाउपडी प्रथा नै लैङ्गिक दमनको एउटा कारण भएकाले यस्तो प्रथा अन्त्य गर्न लागेकी देउती समाजका मानिसको आक्रमणमा पर्छे र ज्यान बचाउन अन्धाधुन्ध बञ्चरो प्रहार गर्दा धेरैलाई घाइते र एक जनाको हत्या गर्न पुग्छे ।

अचानक आक्रमण भएकाले के गर्ने, के नगर्ने होसै भएन । आफूलाई कसरी बचाउने भन्ने मात्र सोचेँ । त्यसैले मैले चारैतिर बञ्चरो घुमाएँ । दुर्भाग्यवश एकजनाको टाउकोमा बञ्चरोले लागेछ । ऊ ठाउँको ठाउँ ढल्यो । अनि त के थियो र? सारा मानिसहरू मै माथि खनिए । (पृ. ६५)

बालमन्दिरमा छोडिएकी चन्दा आफ्नै लोग्नेबाट लैङ्गिक शोषण र दमनमा परेकी छ । लैङ्गिक उत्पीडनका विरुद्ध आफू एक सचेत नारीका हैसियतमा नारी अस्मिता र स्वतन्त्रताको रक्षाका लागि उसले प्रतिरोधको अवस्था निम्ताएकी छ । चन्दाले बुद्धिजीवी महिलाका तर्फबाट लैङ्गिक उत्पीडनमा परेका महिलाहरूको आवाज मुखरित गरेकी छ । सोह्र वर्षकी अत्यन्त सुन्दरी उजेलीमा आफूलाई मालिकले लैङ्गिक हिंसा गर्न खोज्दा प्रतिकारको भावना जागेको छ र मालिकलाई लात्तीले हान्न पुगेकी छ । उजेली गर्भवती भएको थाहा पाएपछि बाहुन दम्पतीले उसलाई मार्न गएका बेला प्रतिकार गर्न खोज्दा बाहुनको हत्या हुन पुगी हत्याराको ताज पहिरिन पुग्छे ।

सुरुसुरुमा त म केटीकेटी नै थिएँ । त्यसैले उसका कुकृत्यहरूको प्रतिकार गर्नै सकिनँ । अझ भनौँ त्यतिखेर मलाई रतिक्रिया के हो, इज्ज्वत के हो भन्ने छुट्याउन सम्म सक्ने क्षमता थिएन । म विस्तारै यी सब कुरा बुझ्दै गएकी थिएँ । अहिले भने म बुझ्छु । आज भने कुनै पनि हालतमा तिनलाई आफ्नो शरीरसँग खेल्न नदिने विचार गरेँ । त्यसैले कपडा खोल्नबाट प्रतिकार गरेँ उनले मानेनन् अनि लात्तीले हानेँ । (पृ. ९७)

पुरुषबाट यौन शोषणमा परेका नारी पात्रहरू सचेतना र सशक्त विचारसहित दृढ आत्मविश्वासका पुरुषको शोषणका विरुद्धमा सशक्त रूपमा उपस्थित भएका छन् । नारी पात्रहरूले आफूमाथि भएको उत्पीडनका विरुद्ध प्रतिकार गरेकाले लैङ्गिक सशक्तीकरणको अवस्था देखिन्छ ।

## निष्कर्ष

*छाउपडी* लैङ्गिक उत्पीडनको यथार्थ प्रतिबिम्बन भएको उपन्यास हो । यसको लैङ्गिक विभेद सामाजिक-सांस्कृतिक निर्मिति हो र त्यसैले निर्माण गरेका भिन्नताका कारण महिलाहरू लैङ्गिक उत्पीडनमा परेको तथ्यलाई उपन्यासले उजागर गरेको छ । यसमा सीमान्त वर्गीय महिलाहरू लैङ्गिकताका कारणले शक्ति र राजनीतिका दृष्टिले परिधिमा पारिएका छन् र सामाजिक शासनव्यवस्थामा राज्यव्यवस्था, प्रहरी प्रशासन, सामाजिक परम्परा र संस्कारबाटै उपेक्षित र अपहेलित भएका छन् । उपन्यासमा महिलाहरू घरेलु हिंसा र बलात्कारजन्य अपराधबाट उत्पीडन बेहोर्न बाध्य पारिएका छन् । उपन्यासका प्रमुख नारी पात्रहरू उत्पीडित र सीमान्तीकृत पात्रका रूपमा उपस्थित छन् । उपन्यासमा आर्थिक र वर्गीय संस्कृतिका कारण महिलाहरूको किशोरावस्थामै आफ्नो शरीर वैवाहिक जीवनमा होमेर पीडा सहन बाध्य छन् । सामन्ती पितृसत्तात्मक आर्थिक संस्कृतिले उनीहरूको शरीर भाग लगाएको छ । उपन्यासमा सीमान्त वर्गका नारी पात्रहरू लैङ्गिक उत्पीडनमा परेको देखिन्छ । पितृसत्तात्मक सामन्तवादी सत्तासंस्कृति र पुरुष भोगवादी मानसिकताले सिर्जना गरेको परिस्थितिमा उपन्यासका नारी पात्रहरूले अनेक किसिमका दुर्व्यवहार, अपमान, तिरस्कार र घृणाजन्य हिंसाहरू भोग्नुपरेको छ । उपन्यासका महिला पात्रहरू लैङ्गिक हिसाबले महिला भएकै कारणले उनीहरूले अपहेलित हुनुपरेको छ । पुरुषले गर्ने यस्ता दमन, हिंसा तथा विभेदकारी कदमलाई पितृसत्तात्मक समाजको संस्कृतिले संरक्षण प्रदान गरेको दृष्टान्त यस उपन्यासले प्रस्तुत गरेको छ । यस उपन्यासमा तत्कालीन सामाजिक शासनव्यवस्थाको शक्ति केन्द्रमा भएका व्यक्तिहरूबाट नारीहरूमाथि उत्पीडन भएको तथ्य उजागर गरिएको छ । साथै

पितृसत्तात्मक नेपाली समाजमा सामाजिक-सांस्कृतिक मूल्यमान्यताका कारणबाट नारी जातिमाथि अनेक शोषण र दमन हुने गरेको आख्यानलाई समेत प्रस्तुत गरिएको छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, केशव (२०७०). *पारिभाषित आँखाहरू उपन्यासको सांस्कृतिक अध्ययन.* अप्रकाशित दर्शनाचार्य शोधपत्र. नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

आचार्य, बलराम (२०७४). *लैङ्गिक समाजशास्त्र* (दोस्रो संस्क.). काठमाडौं : नेसनल बुक सेन्टर ।

उपाध्याय, अच्युतराज (२०७४). *त्रिदेवी उपन्यासको सांस्कृतिक अध्ययन.* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

उप्रेती, सञ्जीव (२०६९). *सिद्धान्तका कुरा* (चौथो संस्क.). काठमाडौं : अक्षर क्रियसन्स ।

कार्टर, एरिका (सन् २०००). जेन्डर. *कल्चरल एन्ड क्रिटिकल थियोरी.* (सम्पा.) माइकल प्याने. मासाचुएटस : ब्ल्याकवेल पब्लिसर्स लिमिटेड ।

खनाल, राजेन्द्र (२०७५). *लैङ्गिक समालोचना* : सिद्धान्त र प्रयोग. काठमाडौं : सनलाइट पब्लिकेसन ।

**न्यौपाने, महेन्द्र (सन् २०२१). 'मानसी' उपन्यासमा लैङ्गिकता.** *Mangal Research Journal*, 2(1), 75–88. https://doi.org/10.3126/mrj.v2i1.43770.

पाण्डे, ज्ञानू (२०६९). *नेपाली उपन्यासमा लैङ्गिकता.* काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पौडेल, कविता (२०७१). *छाउपडी,* भैरहवा : प्रश्रित प्रतिष्ठान नेपाल ।

बार्कर, सी (२००३). *कल्चरल स्टडिज: थ्यौरी एन्ड प्राक्टिस* (दोस्रो संस्क.). लन्डन : सेज प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०६७). लैङ्गिक समालोचना. *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक खण्ड). (सम्पा.) राजेन्द्र सुवेदी र लक्ष्मण गौतम. काठमाडौं : रत्न पुस्तक भण्डार ।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* काठमाडौं : भुँडीपुराण प्रकाशन ।